# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

बागमती प्रदेश, नेपाल

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
रेडक्रसग्राम, चितवन, बागमती प्रदेश, नेपाल

प.सं. ०८२।०८३
च.नं १६५

मिति: २०८२/०५/०१

**विषयः विषय विशेषज्ञमा सूचीकृत हुने सम्वन्धी सूचनाः**

कालिका नगरपालिकाको करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०८० को परिच्छेद ३ दफा ५बमोजिम नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा रिक्त रहेका र रिक्त हुने स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, शिक्षण सहयोग अनुदान र युवा स्वयमसेवक शिक्षक अनुदानको नियमानुसार करार सेवामा शिक्षक नियुक्ति एवम् प्रधानाध्यापक नियुक्ती गर्दा गठन गरिने छनोट समितिमा विषय विशेषज्ञको रूपमा रही कार्य गर्न इच्छुक योग्यता पुगेका स्थायी शिक्षकहरुले निम्नानुसारको कागजात सहित यस अघि सूचीकृत भैसकेका विषय विशेषज्ञहरु र नयाँ सूचीकृत हुन चाहने विषय विशेषज्ञहरुले रु. ५००/-(अक्षरूपी पाँच सय रुपैयाँ) राजश्व नगरपालिकाको राजश्व शाखामा रकम जम्मा गरी सक्कल रसिद सहित मिति २०८२/०५/१५ भित्र शिक्षा शाखामा निवेदन पेस गर्नुहुन नगरपालिकाको मिति २०८२/०५/०१ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. माध्यमिक तहको हकमा कम्तीमा शिक्षा शास्त्रमा स्नातकोत्तर र आधारभूत तहको हकमा कम्तीमा शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ।

२. विशेषज्ञ हुन चाहेको तहमा शिक्षण अनुभव कम्तीमा ३ (तीन) वर्ष भई कम्तीमा १ (एक) वर्षको स्थायी सेवा पूरा भएको हुनुपर्ने ।

३. जुन तहको विषेशज्ञ हुन चाहेको हो सोही तह उल्लेख गरी आवेदन दिनुपर्ने।

४. माध्यमिक तह र आधारभूत तह (कक्षा ६-८) का लागि विशेषज्ञ हुन चाहेको विषय समेत उल्लेख गर्नुपर्ने

संलग्न गर्नुपर्ने कागजातहरुः

सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, स्थायी अध्यापन अनुमतिपत्र, अस्थायी नियुक्ति पत्र र स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपिहरु ।

पुनश्चः

१. माध्यमिक तह र आधारभूत तह (कक्षा ६-८) को लागि विशेषज्ञ विषयगत रूपमा सूचिकृत गरिनेछ ।

२. विषय विशेषज्ञहरू दुई वर्षको लागि सूचीकृत हुनेछन्।

३. निवेदनको साथमा सूचीकृत हुन चाहेको तह/विषयको २ सेट विषयगत र वस्तुगत प्रश्नपत्र र उत्तरकुञ्जिका शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम तयार गरी Hard Copy या Soft Copy अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४. माथिल्लो तहमा सूचीकृत हुन चाहने विषय विशेषज्ञले तल्लो तहको लागि समेत विशेषज्ञ हुन चाहेमा निवेदनमा सो व्यहोरा समेत खुलाउनु पर्नेछ र सो तहको लागि तोकिएको राजश्व समेत बुझाउनुपर्ने छ।

५. यस अघि सूचीकृत विषय विशेषज्ञलाई नविकरणको लागि निवेदन र राजश्व भौचर बाहेक अन्य कागजात (शैक्षिक प्रमाणपत्र, नियुक्ति, तालिम आदि) आवश्यक पर्ने छैन।

श्री सूचना तथा प्रविधि शाखा:- वेबसाइटमा अपलोड गरिदिनु हुन ।

२०८२।५।१

देवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np